**रसुवाको भोटेकोशी  र त्रिशुली नदीमा आएको  बाढी प्रभावित क्षेत्रको**

# राहत/उद्धार सम्बन्धी सुझाव प्रतिवेदन

## १. पृष्ठभूमि तथा स्थलगत निरीक्षण

रसुवाको भोटेकोशी नदीमा २०८३ भाद्र १० गते बुधबार बिहान मित्र राष्ट्र चिनको सिजाङ (तिब्बत) तर्फबाट आएको भीषण बाढीका कारण रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरूका रसुवागढी, टिमुरे, स्याफ्रुवेशी, मैलुङ, बेत्रावती, त्रिशुली,ढुङ्गे, देवीघाट लगायतका बस्तीहरूमा पुगेको ठूलो मानवीय तथा भौतिक क्षतिको स्थलगत निरीक्षणका लागि २०८३ भदौ ११ गते नेकपा (एमाले) का महासचिव शंकर पोखरेलको नेतृत्वमा एक  टोली नुवाकोटतर्फ प्रस्थान गर्‍यो।

**टोलीमा सहभागी नेता तथा प्रतिनिधिहरू:** च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयबाट प्रस्थान गरेको उक्त टोलीमा निम्न लिखित प्रतिनिधिहरूको सहभागिता रहेको थियो:

**महासचिव:** शंकर पोखरेल , विष्णु रिमाल  **अध्यक्ष,** निति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान, **सचिव:** राजन भट्टराई, कृष्णगोपाल श्रेष्ठ –प्रमुख,स्वास्थ्य विभाग, विशाल भट्टराई –संयोजक,जनसंगठन समन्य संयन्त्र, पार्वत गुरुङ– केन्द्रीकमिटी सदस्य, विनोद श्रेष्ठ –अध्यक्ष, नेपाल ट्रेड युनियन महासंघ, निरज आचार्य –प्रमुख ,प्रचार तथा प्रकाशन विभाग , अमित लामा– प्रमुख, युवा तथा खेलकुद विभाग, सहायक रथि विनोद पाण्डे (अ.प्रा.) –अध्यक्ष, भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन, गणेश पाण्डे –अध्यक्ष, प्रेस चौतारी नेपाल, रामजी सापकोटा  –राजधानी प्रदेश कमिटी सदस्य, सरोज रेग्मी  – केन्दींय कमिटी सदस्य, बौद्धिक परिषद नेपाल।

## २.  स्थलगत छलफल तथा अन्तरक्रिया

पार्टीका महासचिवको नेतृत्वको अवलोकन टिम नुवाकोटको सदरमुकाममा रहेको जिल्ला पार्टी कार्यालयमा पुगी पार्टीका स्थानीय नेता कार्यकर्ता र सचारकर्मीहरुसँग  प्रारम्भिक छलफल गरिएको थियो ।

**उपस्थिति तथा वस्तुस्थिति जानकारी:**

- **उपस्थिति:** पार्टी केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज केशव पाण्डे, केन्द्रीय सदस्य विन्दा ढुङ्गाना, रसुवा जिल्ला ईन्चार्ज प्रेम तामाङ, नुवाकोट जिल्ला अध्यक्ष बद्री मैनाली लगायत स्थानीय नेता तथा कार्यकर्ताहरू ।
- **स्थिति रिपोर्टिङः** नुवाकोटको समग्र क्षतिको अवस्थाबारे जिल्ला इन्चार्ज केशव पाण्डे र अध्यक्ष बद्री मैनाली, सचिव शिव चित्रकार, विदुर नगरपालिका वडा नं १ का वडा अध्यक्ष लेनिन रंजित , पत्रकार श्रीराम अधिकारी लगायतले जानकारी गराउनुभयो । साथै, रसुवा क्षेत्रमा बाढीले पुऱ्याएको क्षति र वर्तमान अवस्थाबारे रसुवा इन्चार्ज प्रेम तामाङले विस्तृत विवरण प्रस्तुत गर्नुभयो ।

**३. महासचिव पोखरेलको सम्बोधन तथा निर्देशन**

कार्यक्रममा महासचिव शंकर पोखरेलले बाढीका कारण भएको कहालीलाग्दो क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उद्धार, राहत तथा पुनःस्थापनाका लागि पार्टीका तर्फबाट भइरहेका पहलहरूबारे स्पष्ट पार्नुभयो । सोही दिन विहान सत्तारुढ दलले आयोजना गरेको सर्वदलीय बैठकमा पार्टीका तर्फवाट  उठाएका प्रमुख विषयहरूबारे जानकारी गराउँदै उहाँले स्थानीय पार्टी कमिटीलाई निम्नअनुसार निर्देशन दिनुभयो:

१. **बेपत्ताहरूको खोजी:** स्थानीय तहमा पार्टी कमिटी सुक्ष्म ढङ्गले लागेर बेपत्ता भएका नागरिकहरूको शीघ्र खोजी तथा उद्धार कार्यमा निरन्तर खटिनुपर्ने।

२. **स्वयंसेवक परिचालन र रिपोर्टिङः** कुन-कुन क्षेत्रमा कसरी स्वयंसेवकहरू परिचालन गर्न आवश्यक छ, त्यसको स्थलगत अध्ययन गरी

आवश्यकता अनुसारको विस्तृत प्रतिवेदन तत्काल पार्टी केन्द्रीय कार्यालयमा पठाउनुपर्ने ।

३. **राहत :** स्थानीय आवश्यक्ता अनुसार विस्थापित र होल्डिङ सेन्टरमा राखिएका पीडितहरुका लागि अत्यावश्यक राहत सामग्री स्थानीय सरकारसँग समन्वय गरी संकलन र ब्वस्थित वितरण गर्ने ।

## ४. स्थलगत निरीक्षण तथा घाइते भेटघाट

छलफल पश्चात् टोलीले बाढीबाट अत्यधिक प्रभावित बनेको विदुर नगरपालिकास्थित **ढुङ्गे बजार क्षेत्र**को प्रत्यक्ष स्थलगत अवलोकन गऱ्यो । यसैगरी, स्थानीय अस्पताल पुगी बाढीका घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै **देवीघाट बजार क्षेत्र**को बाढीग्रस्त अवस्थाको समेत निरीक्षण गरियो ।

पार्टी महासचिवले बाढीले अति प्रभावित जिल्ला रसुवाका बारे उपलब्ध ब्यक्तिहरु संग जानकारी लिनु भयो ।

## ५. विपद्ग्रस्त क्षेत्रको यथार्थ स्थिति र अनुभूति

सरकारले उद्धारको काम गरिरहेको छ । नुवाकोटको विदुरमा नेपाली सेनाको तालिम केन्द्रलाई बेसक्याम्प बनाएर नेपाली सेनाको कमान्डमा हवाई उद्धारको काम भइरहेको देखिनु सकारात्मक पक्ष हो । तर, जमिनको यथार्थ स्थिति र सरकारी संयन्त्रको उपस्थितिबीच ठूलो खाडल देखिएको छ:

- **समन्वयको अभाव:** भयाभह संकटको समयमा सुरक्षा निकायहरूबीच अपेक्षित समन्वय र सहकार्यको कमी देखिन्छ । गृह मन्त्रालय र जिल्ला प्रशासनले राहत र उद्धारको प्रभावकारी कमान्ड सम्हाल्न सकेका छैनन् । नेपाली सेनासँग स्थानीय प्रशासन र जनप्रतिनिधिहरूको सहज पहुँच स्थापित हुन सकेको छैन ।
- **सडक सञ्जाल विच्छेद:** त्रिशूली नदिको पारिको क्षेत्रमा पुग्ने मुख्य सडक (लाइफलाइन) पूर्णतः विच्छेद भएको छ र अहिलेसम्म पुनःसञ्चालन हुन सकेको छैन । जसका कारण ती क्षेत्रहरूमा स्वयंसेवक र राहत सामग्री पुग्न सकेका छैनन् ।

- **उद्धारमा कठिनाइ:** अलपत्र परेका र बाढीबाट विस्थापितहरूको संख्या ठूलो भएकाले तत्काल सबैतिर हवाई उद्धार सम्भव देखिएको छैन। त्यसमाथि, हेलिकप्टरको सीमितता र प्रतिकूल मौसमले समस्या थप गम्भीर बनाएको छ।
- **सञ्चार र स्थलमार्गको अवरोध:** विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा सूचना आदानप्रदान ठप्प छ। उनीहरूलाई स्थलमार्गबाट उद्धार गर्ने वा राहत पुऱ्याउने भरपर्दो योजना बन्न सकेको छैन। स्वास्थ संस्थाहरुमा जनताको पँहुच जटील बनेको छ।
- विस्तापित र विचल्लिमा परेकाहरुको संख्या ठुलो रहेका कारण हवाई मार्गवाट उद्धार गर्न असम्भव देखिएको हुदा स्थलमार्गवाट उद्धारको ब्यवस्था गर्ने सरकारको योजना अझै बनेको देखिएन।

## ६. सुझाव तथा राय

**(क) सरकारले तत्काल गर्नुपर्ने कामहरू:**

१. **एकीकृत कमान्ड पोस्ट:** तीनवटै सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूलाई समेटेर तुरुन्त एकीकृत 'कमान्ड पोस्ट' निर्माण गर्ने।

२. **वैकल्पिक पहुँच:** मुख्य सडक नजोडिएसम्म वैकल्पिक माध्यम (जस्तै: तुइन, फलामे डोरी वा साना अस्थायी पुल) मार्फत जोखिममा रहेका क्षेत्रहरूमा खानेपानी, औषधि र खाद्यान्न पुऱ्याउने।

३. **सडक खुलाउने र बेलिब्रिज:** स्थलमार्ग खुलाउन निजी क्षेत्रका ठूला हेभी इक्युपमेन्टहरू (उपकरणहरू) परिचालन गरी युद्धस्तरमा काम गर्ने तथा नदी एवं ठूला खोलाहरूमा तत्काल बेलिब्रिज जडान गर्ने।

४ . टोखा शिवपुरी लिखु तादी सूर्यगडी – सरनथलि हुदै नवकुण्ड कालिका धुन्चे सडक मर्मत गरी संचालन मा ल्याउने। लिखु सूर्यगढि निस्केर जाने वाटो यस्को अर्को विकल्पको रुपमा प्रयोग गर्ने।

५. धादिङवाट मध्यपहाडी राजमार्ग वाट किस्पाङ, तारकेश्वर हुदै रसुवा जाने बाटो मर्मत गरी सिघ्र संचालनमा ल्याउने।

६. **खोजी कार्यमा तीव्रता:** डुबान क्षेत्रको भग्नावशेष र दलदलमा दबेका शवहरूको खोजी कार्यलाई तीव्रता दिन थप जनशक्ति र आधुनिक उपकरण परिचालन गर्ने। जलविधुत आयोजनाका सुरुङमा फसेका देशी तथा विदेशी कामदारहरुको सिघ्र उद्धार गर्ने।

७. **नागरिक स्वयंसेवक परिचालन:** राहत र उद्धारका लागि सुरक्षा निकायका अतिरिक्त कामको प्रकृतिका आधारमा नागरिक स्तरबाट स्वयंसेवकहरूलाई तत्काल परिचालन गर्ने।

८. भोटेकोशी तथा त्रिशुली बाढीमा परी मृत्यु भएका र हराएकाहरुको स्मृतिमा पार्क निर्माण गर्ने।

*मानवीय सङ्कटको यस घडीमा राजनीति गर्ने वा प्रक्रियागत विलम्ब गर्ने छुट कसैलाई छैन। सरकारको ध्यान यसतर्फ यथाशीघ्र जाओस्!*

## क . रसुवा जिल्ला

रसुवाको ठुलो भागमा अत्यधिक क्षति भएको छ। पूर्ण बिवरण आउन काँकी नै छ। यस क्षेत्रका जलविधुत आयोजना र सडक पुलहरु पूर्ण रुपमा क्षति भएकाछन।

**गोसाईकुण्ड गाउँपालिका**: वडा नं २ र ५ अतिप्रभावित १,३,६ प्रभावित ,**उत्तरगया गाउँपालिका:** वडा न १ र ४ **, आमाछोदिङगो गाउपालिका** वडा नं १ मा मानविय र भौतिक क्षेति धेरै छ।

## ख. नुवाकोट जिल्ला :

**नुवाकोट जिल्लाका विदुर नगरपालिका ,**वडा नं. १, ३, ४, ५, ६, ७, ९, १० र १२, **किस्पाङ गाउँपालिका:** वडा नं. ३, **बेलकोटगढी नगरपालिका:** वडा नं. ५, ७ र ८, **तारकेश्वर गाउँपालिका:** वडा नं. २ र ४ मा मानविय र भौतिक क्षेति धेरै छ। यस क्षेत्रका सडकपुल र बिधुत गृह , जलविधुत परियोजना मा ठुलो क्षति भएको छ। क्षेतिको पूर्ण विवरण संकलन हुन सकिरहेको छैन ।

## ग. धादिङ जिल्ला :

धादिङ जिल्लाको  गल्छी र गजुरी पालिकामा क्षति भएको छ। यी पालिकाहरूमा १५० घर क्षति भएको छ जसमध्ये ५० घर पूर्णरूपमा क्षति र १०० मर्मत पछि प्रयोग गर्न सकिने छ।

**१. गल्छी गाउँ पालिका -**

(क) बैरेनी - एकतल्ला जती पसल तथा घरहरू डुबेको छ। घरहरू पूर्ण रूपमा क्षति नभएको।

(ख) महेश दोभान - घरहरू पूर्णरूपमा क्षति भएको।

**२. गजुरी गाउँपालिका -**

(क) बेल्टार खोला बस्ती (आधा भाग गजुरी आधा भाग गल्छीमा पर्ने

(ख) गलौँदी खोला बस्ती क्षति भएको छ।

(ग) पोखरे खोला।

## पार्टी केन्द्रलाई सिफारिस

१. बाढी प्रभावित क्षेत्रको सम्पूर्ण काम हेर्नेदेखि व्यवस्थापन गर्न पार्टीको उच्च तहको नेतृत्वमा कमान्ड सेन्टर स्थापना र सो मातहतमा सचिवालय स्थापना गर्नु पर्ने।

२. पार्टीको तर्फबाट **केन्द्रीय राहत कोष** स्थापना गरी राहत रकम घोषण गर्ने। सो रकम सङ्कलन गर्न आन्तरिक पार्टी पंक्तिलाई परिचालन गर्ने।

३. विस्थापित परिवारहरूका लागि अत्यावश्यक राहत सामग्रीहरू सङ्कलन गर्ने र यथासिघ्र व्यवस्थित रुपमा वितरण गर्ने।

५. बाढी प्रभावित क्षेत्रमा सर्वाधिक समस्यामा रहेका मजदुरहरूको उद्धार र पुनर्स्थापनाका लागि नेपाल ट्रेड युनियन महासंघलाई तत्कालै खटाउने र आवश्यक परेको खण्डमा अन्य जनसंगठन र पार्टी कमिटीलाई परिचालन गर्ने।

**तत्काल गर्नुपर्ने कामहरू:**

१. **राहत सङ्कलन तथा वितरण:** प्रभावित वडाहरूका लागि खाद्यान्न, त्रिपाल, लत्ता कपडा, औषधि र स्वच्छ खानेपानी जस्ता अत्यावश्यक सामग्रीको तत्काल व्यवस्था गरी समानुपातिक रूपमा वितरण गर्ने । त्यसका लागि एउटा परिवारका लागि न्युनतम  एकमहिनाको प्याकेज बनाउने ।

२. **पार्टी स्वयंसेवक परिचालन:** भग्नावशेष हटाउन, बाटो पन्छाउन र घाइते तथा विस्थापितहरूलाई सुरक्षित स्थानमा सार्नका लागि स्वयंसेवक परिचालन गर्ने  ।

३. **विस्तृत क्षति संकलन (डाटाबेस):** प्रत्येक वडाका प्रभावित परिवार, मृतक, बेपत्ता र भौतिक क्षतिको यथार्थ विवरण सङ्कलन गरी केन्द्रीय कार्यालयमा  पेस गर्ने ।

४. **स्वास्थ्य शिविर र पुनस्थापना:** स्थानीय अस्पताल र स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी घाइतेको नि:शुल्क उपचार र सम्भावित महामारी नियन्त्रणका लागि नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने ।

५. बाडीवाट क्षतिग्रस्त निजि घरहरू सफा गर्नु पर्ने,  पूर्ण क्षति भएका घरहरूका विस्थापित व्यक्तिहरूको सेल्टरको व्यवस्था गर्नु पर्ने ।

६. सव पहिचान र ब्यवस्थापनको द्रुत र पीडित परिवारमैत्री योजना बनाउनु पर्ने ।

७ . विस्थापित परिवारका लागि खाना, कपडा, खानेपानी, औषधि र मनोपरामर्शको तत्काल ब्यवस्था गर्नु पर्ने ।

८  प्रभावित जिल्लाहरुमा पार्टी केन्द्रले समन्वय गर्न एक एक जना फोकल पर्सन माग गर्ने ।

**नोट :** दिर्घकालीन योजनाका सम्बन्धमा विकसित परिस्थति ,पीडितहरको अवस्था, सरकारको योजनालाई मध्यनजर गरी स्थानीय सरकार र पार्टी कमिटीसँग परामर्श गरी थप योजना बनाईने छ ।

१३ भदौ २०८३, च्यासल ललितपुर